का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ वैशाख २०७९,
सोमबार
2 May 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ८६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## पछि हट्यो आयोग
### महानगरको मतपत्र फेरियो

सुरुमा निर्वाचन आयोगले ६ महानगर र भक्तपुरमा जुन-जुन पदमा उम्मेदवारी परेको छ उनीहरुको चिन्ह मात्रै रहने गरी मतपत्र छाप्ने निर्णय गरेको थियो । एमालेले प्रश्न उठाएपछि आयोग पछि हटेको हो ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १७ वैशाख ।

६ वटा महानगरको मतपत्रको स्वरुप अन्यत्र भन्दा फरक गर्ने निर्णयबाट निर्वाचन आयोग पछाडि हटेको छ। आयोगले ६ वटा महानगरसँगै भक्तपुर जिल्लाका स्थानीय तहको मतपत्रको स्वरुप अन्यत्र भन्दा फरक गर्ने निर्णय परिवर्तन गरेको हो ।

यसअघि आयोगले ६ महानगरपालिका र भक्तपुरमा कुनै पार्टीबाट जुन-जुन पदमा उम्मेदवारी परेको छ, त्यो चिन्ह मात्रै रहने गरी अन्तिममा मतपत्र छाप्ने निर्णय गरेको थियो । आयोगको उक्त निर्णय अनुसार गठबन्धन गरेर स्थानीय तहको निर्वाचनमा गएका दलहरुलाई सहज हुने अवस्था बनेको थियो ।

तर, त्यस्तो निर्णय सुने लगत्तै प्रमुख विपक्षी नेकपा एमालेले विरोध गरेको थियो । पाँच दलीय सत्तागठबन्धनलाई सहज हुने गरी आयोगले निर्णय लिएको भनी एमालेले सार्वजनिक रुपमै प्रश्न उठाएको थियो ।

एमालेले केही दिनअघि आयोगलाई पत्र नै लेखेर भनेको थियो, 'स्वतन्त्र र निष्पक्ष निर्वाचनको जिम्मेवारी पाएको आयोगबाट कसैको दबाब प्रभावमा नपरी मतपत्र छपाइमा मुलुकभर जुन तरीका अपनाइएको हो, सोही बमोजिम नै व्यवस्था मिलाउनुहुन अनुरोधसमेत गर्दछौं।'

> कुनै चिन्हमा सम्बन्धित दलको एउटा मात्रै उम्मेदवारी परेको भए पनि क्रमअनुसारको सबै पदको चिह्न छापिनेछ ।
>
> **गुरुप्रसाद वाग्ले**
> सहन्यायाधिवक्ता, निर्वाचन आयोग

यसरी एमालेले निस्पक्षतामै प्रश्न उठाएपछि आयोग पछाडि हटेको हो ।

निर्वाचन आयोगका सहन्यायाधिवक्ता गुरुप्रसाद वाग्लेका अनुसार अब ६ वटै महानगर र भक्तपुरका स्थानीय तहमा कुनै दलले कुनै एक मात्र पदमा उम्मेदवारी दिएको अवस्थामा पनि सबै पदको चुनाव चिन्ह छापिनेछ ।

'कुनै चिन्हमा सम्बन्धित दलको एउटा मात्रै उम्मेदवारी परेको भए पनि क्रमअनुसारको सबै पदको चिन्ह छापिनेछ' वाग्लेले भनेका छन् ।

### आयोगको कडाइ

निर्वाचन आयोगले उम्मेदवार र राजनीतिक दललाई लक्षित गरी आचारसंहिता पालनामा कडाइ गर्ने बताएको छ । सामाजिक सञ्जालमा समेत सूचना दिँदा गलत भए कारबाही गर्ने चेतावनी दिएको छ ।

आइतबार विज्ञप्ति निकालेर आयोगले उम्मेदवार तथा राजनीतिक दलप्रति लक्षित गरी गलत, भ्रामक, चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानी हुने खालका सामग्री सामाजिक सञ्जालमा पोष्ट हुँदा निर्वाचनको स्वच्छता, स्वतन्त्रता र गरिमामा आँच पुग्ने बताएको हो ।

आयोगका प्रवक्ता शालिग्राम – बाँकी पृष्ठ २ मा



अन्तरराष्ट्रिय श्रमिक दिवसको दिन आइतबार झापाको कमल गाउँपालिका-१ सोलमारीको एक ईँटाभट्टा उद्योगमा काम गर्दै श्रमिक । तस्वीर: यज्ञराज आङदेम्बे, रासस

## प्रतिष्ठाको महानगर

चुनावी प्रचार ७५३ पालिकामै छ । तर, आमनागरिक र दलहरुको ध्यान ६ महानगरतिर तानिएको छ । त्यसमा पनि काठमाडौं, भरतपुर र पोखरा महानगरलाई दलहरुले समेत प्रतिष्ठाकै रुपमा लिएको देखिन्छ ।

काठमाडौं महानगर

पोखरा महानगर

भरतपुर महानगर

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ वैशाख ।

आइतबारबाट देशभर चुनावी प्रचारप्रसार सुरु भएको छ । उम्मेदवारहरुले घरदैलो अभियान चलाएका छन् । शीर्ष नेताहरुका उपस्थितिमा सभाहरु आयोजना गर्ने र पार्टीका उम्मेदवारहरुको पक्षमा माहोल बनाउने प्रतिस्पर्धा चलेकै छ ।

तर, आममान्छेको ध्यान र शीर्ष नेताहरुको पनि मुख्य ध्यान ६ वटा महानगर र त्यसका पनि काठमाडौं र भरतपुरमा के हुन्छ ? भन्नेमा केन्द्रीत भएको छ ।

काठमाडौं संघीय राजधानी हो । काठमाडौंको प्रमुखले संघीय सरकारलाई बढी प्रभाव पारेर आर्थिक, सामाजिक विकासमा फड्को मार्ने भूमिका खेल्न सक्छन् । काठमाडौंको नेतृत्व गर्नेलाई देशभरका नागरिकले नियाल्ने भएकाले राम्रो गर्न सक्दा राष्ट्रिय राजनीतिलाई नै प्रभाव पार्न सक्छ । यसकारण पनि काठमाडौं महानगरलाई दलहरुले प्रतिष्ठाको रुपमा लिएको देखिन्छ ।

काठमाडौंपछि प्रतिष्ठाकै रुपमा चितवनको भरतपुरलाई हेरिएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको निर्वाचन क्षेत्र र प्रचण्ड पूत्री रेणु दाहाल उम्मेद्वार छन् । प्रचण्डको राजनीति भविष्यसँगै जोडेर समेत हेरिएकाले भरतपुरप्रति सबैको चासो रहेको पाइन्छ ।

पाँच दलीय भागवण्डामा माओवादी केन्द्रको भागमा मेयर पद पर्दा पनि कांग्रेसबाट बागी उम्मेदवार उठेकाले पनि भरतपुरमा अलि बढी नै चासो पुगेको देखिन्छ । भरतपुरपछि नेकपा एमाले फुटेर बनेको नेकपा एकीकृत समाजवादीले पोखरा महानगरको मेयर उम्मेदवार सत्तागठबन्धनबाट पाएको छ ।

नेकपा एमालेको राम्रो प्रभाव रहेको क्षेत्र भएकाले पनि पोखरा महानगरमा दलहरुको चासो रहेको पाइन्छ । अन्य महानगरमा पनि कसको नेतृत्व आउँछ भन्ने आम चासो रहेको छ भने दलहरुले पनि महानगर नेतृत्वलाई प्रतिष्ठाकै रुपमा रहेको छ ।

काठमाडौं महानगरमा नेकपा एमालेका केशव स्थापित र कांग्रेसका सिर्जना सिंहलाई मुख्य प्रतिस्पर्धीको रुपमा हेरिएको छ । यी दुई नेताको अभिव्यक्ति पनि उसै गरी चासोका साथ हेरिएका छन् ।

एमाले उम्मेदवार स्थापितले आइतबार चुनावी अभियानका क्रममा काठमाडौंमै मेयरका स्वतन्त्र उम्मेदवार बालेश शाहबारे गरेको टिप्पणी चर्चामा छ। उनले शाहलाई 'फुच्चे'को संज्ञा दिए । शाहले झुट बोल्दै हिडेको भन्दै उनले 'ठग'को ट्याग पनि लगाइदिए । स्थापितको यो अभिव्यक्तिले स्वतन्त्र उम्मेदवार शाहको क्रेजबाट स्थापित केही हच्किएको टिप्पणी गर्नेहरु पनि छन् ।

स्थापितले कांग्रेस उम्मेदवार सिंहबारे पनि टिप्पणी गरे । कतिपयले सिंहको वाक कलाप्रति प्रश्न उठाइरहेका बेला स्थापितले यस्तो टिप्पणी गरेका हुन् ।

चितवनको भरतपुरमा माओवादी उम्मेदवार रेणु दाहालको प्रचारमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र कांग्रेसका नेता बिमलेन्द्र नीधि नै देखा परेका छन् । यसले पनि चितवनको भरतपुरमा दलहरुको च्यासो कुन रुपमा रहेको छ भन्ने देखाउँछ । भरतपुरलाई एमालेले पनि प्रतिष्ठाको रुपमा लिएको छ ।

स्थानीय तहमा लोकप्रिय नेता विजय सुवेदीलाई उम्मेदवार बनाएको छ । कुनै हालतमा रेणु दाहाललाई पराजित गरेर भरतपुरमा राज गर्ने एमालेको सोच छ । यसका लागि एमालेले कांग्रेसका असन्तुष्टलाई समेट्ने देखि राप्रपा लगायतका दलसँग तालमेल गरेको छ ।

पोखरा महानगरपालिकाको मेयरमा लामो समय एमालेमा रहेर काम गरेका सहकर्मी नेताबीचमै प्रतिस्पर्धा छ । कांग्रेससहितका पाँच दलीय गठबन्धनका तर्फबाट मेयरमा धनराज आचार्य र नेकपा एमालेका तर्फबाट मेयरमा कृष्ण थापा – बाँकी पृष्ठ २ मा

## विवादमा आईजीपी नियुक्ति



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ वैशाख ।

सरकारले नेपाल प्रहरीको आईजिपीमा धीरजप्रताप सिंहलाई नियुक्ति गरेपछि विवाद चुलिएको छ । सत्ता गठबन्धनका शीर्ष नेता र नेपाली कांग्रेसकै नेताहरुको असहमतिबीच प्रधानमन्त्री देउवाले सिंहलाई नियुक्ती गरेपछि आलोचना बढेको हो ।

आइतबार बसेको मन्त्रिपरिषद्ले महानिरीक्षकको दाबेदारीको तेस्रो वरीयतामा रहेका सिंहलाई नियुक्त गरेपछि आलोचना चुलिएको छ । नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले नेपाल प्रहरीको प्रहरी महानि रीक्षक (आईजिपी) नियुक्तिमा आपत्ति जनाएका छन् ।

'बरीयता र प्रक्रिया मिचेर नेपाल प्रहरीको आईजिपी नियुक्त गर्ने सरकारको – बाँकी पृष्ठ २ मा

## सशस्त्रमा अर्याल



काठमाडौं/मस- सरकारले सशस्त्र प्रहरी बल नेपालको महानिरीक्षकमा राजु अर्याललाई पदोन्नति गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को आइतबारको बैठकले अर्याललाई आइजिपीमा पदोन्नति गर्ने निर्णय गरेको खानेपानीमन्त्री उमाकान्त चौधरीले जानकारी दिए ।

### सोमबार दर्ज्यानी चिन्ह

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सोमबार बिहान ८:४५ मा फुली लगाउने भएका छन् । महानिरीक्षक नियुक्त भएका अर्याल सशस्त्रको आईजीपीमा एक्ला दाबेदार थिए ।

## सुरक्षागार्डको मागपत्र प्रमाणीकरण र श्रम स्वीकृतिमा कडाइ गर्नू : श्रममन्त्री श्रेष्ठ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ वैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले सुरक्षागार्डको मासिक न्यूनतम तलब १५ सय रिंगेट र ओभरटाइम वापतको पारिश्रमिक स्पष्ट नभएको मागपत्र प्रमाणीकरण बन्द गर्न निर्देशन दिएका छन् । मलेसिया भ्रमणमा रहेका मन्त्री श्रेष्ठले आइतबार त्यहाँको होटल कन्टिनेन्टलमा नेपाली समाजका प्रतिनिधिहरूलाई सम्बोधन गर्ने क्रममा दूतावासका कर्मचारीलाई उक्त निर्देशन दिएका हुन् ।

मलेसियाका गृहमन्त्री हमजाह वीन जैनुदिनसँगको भेटका क्रममा मलेसियामा कार्यरत नेपाली सुरक्षा गार्डसहित अन्य कामदारको पारिश्रमिक, सेवा तथा सुविधा वृद्धि गर्न प्रस्ताव गरेका मन्त्री श्रेष्ठले महिनामा ३० दिन दैनिक १२ घण्टा खटिने सुरक्षागार्डका लागि मासिक १५ सय रिंगेट न्यून भएको बताए ।

उनले भने, 'यसअघि प्रमाणीकरण भएर नेपाल गएको मागपत्रमा के गर्नुपर्छ काठमाडौं पुगेपछि निर्णय गर्नेछौं । तर यहाँ मलेसियामा सोमबारदेखि नै न्यूनतम तलब १५ सय रिंगेट र ओभरटाइमको पारिश्रमिक स्पष्ट नभएको मागपत्र प्रमाणीकरण बन्द नै गर्नुस् । केही भएन भने नेपालमा नै कुटो कोदालो गरौंला, अति नै ठगिनु त भएन ।'

**वैदेशिक रोजगार विशेष**

मन्त्री श्रेष्ठले नेपाली सुरक्षागार्डको मासिक तलब ३ हजार मलेसियन रिंगेट हुनुपर्ने प्रस्ताव गृहमन्त्रीसँग पनि गरेको दाबी गरे । उनले भने, 'न्यूनतम तलब ५४६ रिंगेट हुँदा नै सुरक्षागार्डले ओभरटाइम समेत गरेर १०/१५ वर्ष अगाडि नै १५ सय रिंगेट तलब थापेको हो, अहिलेसम्म पनि त्यत्ति नै ।'

गृहमन्त्री जैनुदिनले नेपाली कामदार मिहेनती र इमान्दार रहेको चर्चा गर्दै गोर्खा गार्ड्सका रूपमा मलेसियामा नेपालीहरूको राम्रो प्रभाव रहेको बताएका थिए । मन्त्री श्रेष्ठले मलेसियामा नेपाली कामदारको कदर गरिनु राम्रो पक्ष भए पनि पारिश्रमिकमा ध्यान दिन आवश्यक रहेको बताएको उल्लेख गरे ।

मन्त्री श्रेष्ठले भने, '१२ घण्टा ड्युटीमा खटिँदा हुने हर्टअट्याक जस्ता जोखिमलाई ध्यानमा राखेर चौबिस घण्टे बीमा सुविधाको व्यवस्था हुनुपर्ने ध्यानाकर्षण गराएको छु । मलेसियामा मृत्यु हुने नेपाली कामदारको दर उच्च छ, त्यसमा सुरक्षागार्ड सबैभन्दा धेरै देखिन्छन् ।'

मलेसियाका गृहमन्त्री जैनुदिनले नेपाली सुरक्षागार्ड शारीरिक रूपमा दुब्ला पातला भएको र व्यवसायिकरूपमा पनि कमजोरी देखाउन थालेको गुनासो मन्त्री श्रेष्ठसमक्ष गरेका छन् । मन्त्री श्रेष्ठले त्यसमा सुधार गर्नपनि उचित तलब सुविधा हुनुपर्ने ध्यानाकर्षण गराएको बताए ।

मन्त्री श्रेष्ठले छलफलमा भएका विषयलाई औपचारिकता दिन छिट्टै द्विपक्षीय समझदारी हुने बताए । नेपाल र मलेसियाबीच संयुक्त कार्यदलको तेस्रो बैठक छिट्टै काठमाडौंमा गर्ने सहमति पनि भएको छ ।

मन्त्री श्रेष्ठले यसअघि यूएई भ्रमणमा जस्तै मलेसियामा बसेर कामदार ठगी गर्नेहरूलाई घिसारेरै भएपनि नेपाल ल्याएर कारबाही गर्ने भन्दै त्यस विषयमा पनि मलेसियाका गृहमन्त्रीसँग छलफल गरेको बताए ।

चुनावी सुरक्षा

## अस्वस्थ प्रतिस्पर्धा मुख्य चुनौती



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ वैशाख ।

स्थानीय तहको चुनावी सुरक्षा चुनौतीबारे आइतबार गृहमन्त्री बालकृष्ण खाँणको नेतृत्वमा गृह मन्त्रालयका उच्च अधिकारी र चारवटै सुरक्षा निकायका प्रमुख एवं उच्चअधिकृतहरुले छलफल गरे । छलफलमा सबै सरोकावालाहरुले दलहरुको अस्वस्थ प्रतिस्पर्धा नै चुनावी सुरक्षाको मुख्य चुनौती रहेको धारणा प्रस्तुत गरेका छन् । – बाँकी पृष्ठ २ मा

# चौधरी ग्रुपका संस्थापक लूनकरणदासलाई यसरी सम्झिए प्रियजनले



**काठमाडौं/मस-** नेपालकै प्रतिष्ठित औद्योगिक घराना चौधरी ग्रुपका संस्थापक स्व. लूनकरणदास चौधरीको 'जन्म-शताब्दी विशेष समारोह' आइतबार एक कार्यक्रमका बीच सम्पन्न भएको छ।

आइतबार थापाथलीस्थित बिएलसी होल्डिङ्स परिसरमा स्व.चौधरीको जन्म-शताब्दी विशेष समारोह आयोजना गरिएको हो।

बिएलसी होल्डिङ्स प्रालि, बसन्त चौधरी फाउण्डेसन, नर्भिक इन्टरनेशनल हस्पिटल र श्री लूनकरण दास गंगादेवी चौधरी साहित्यकला मन्दिरको संयुक्त आयोजनामा लूनकरणदास चौधरीको जन्मिएको १०० वर्ष भएको दिनलाई विशेष रुपमा सम्झिने प्रयास स्वरुप कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा स्व.लुनकरणदास चौधरीलाई जीवनको अन्तिम अवस्थासम्म स्याहारसुसार गर्ने कार्यमा अहोरात्र खटिएका ३ जना सहायकहरुलाई विशेष सम्मान समेत गरियो।

त्यसरी सम्मानित हुनेहरुमा राम ढुंगाना, आलोक रजक र सुनिल गुरुङ छन्। उनीहरुले सम्मानपत्रको साथमा नगद समेत प्राप्त गरेका थिए।

सो कार्यक्रममा 'कर्मयोगी लूनकरणदास चौधरी जन्म-शताब्दी विशेष' नामक पुस्तिका चौधरीका छोराछोरी, बुहारी, ज्वाई तथा परिवारका अन्य सदस्यहरुले संयुक्त रुपमा विमोचन गरेका थिए।

कार्यक्रममा स्व.चौधरीको 'जीवन संघर्ष' झल्किने १५ मिनेटको भिडियो सामाग्री समेत प्रस्तुत गरिएको थियो।

भिडियो सामग्री तथा पुस्तिकामा लूनकरणदास चौधरीले कसरी चौधरी ग्रुपको आधारशिला तयार गरेका थिए भन्ने चाखलाग्दो विषयलाई समेटिएको छ।

ती सामाग्रीमा उल्लेख भएअनुसार वि.सं. १९७९ साल बैशाख ९ गते काठमाडौंको मखनमा जन्मिएका लूकनरणदास २० वर्षको हुँदा पिता भूरामलको निधन भएको थियो। त्यसपछि उनले चौधरी परिवारको व्यापार र पारिवारिक दायीत्वको बोझ उठाएका थिए। काठमाडौंमा कपडाको व्यापार गर्दै आएका उनले सुनसरीको दुहबीस्थित रत्न स्टिल कम्पनीबाट औद्योगिक यात्राको सुरुवात गरेका थिए। त्यसपछि दुहबीमै श्री पशुपति बिस्कुट उद्योगको थालनी भएको थियो।

'त्यसबेलाका यिनै उद्योगहरुको जरा फैलिएर कालान्तरमा चौधरी ग्रुपको विशाल बगैंचा तयार भएको हो।' सार्वजनिक पुस्तिकामा भनिएको छ-'आज यिनै कर्मयोगी लूनकरणदासले रोपेको उद्योग वाणिज्यको बीउ उम्रिँदै, फूल्दै र फल्दै चौधरी ग्रुपमा रुपान्तरण भई नेपालको उद्योग-वाणिज्यका हरेक क्षेत्रमा आफ्नो सारगर्वित उपस्थितिका साथ प्रतिष्ठित हुन पुगेको छ।'

कार्यक्रममा स्व.लूनकरणदासलाई नजिकबाट चिन्ने साथीभाई तथा परिवारका सदस्यहरुले उनको व्यक्तित्वको विषयमा चर्चा गरेका थिए।

एमडी अग्रवालले स्व. लूनकरणलाई सम्झिदै उनमा पैसा र प्रशस्त धनसम्पत्ति भएर पनि अहंकार नभएको बताएका थिए।

'उहाँमा ईश्वरप्रति आगाध सम्मान र परिवारप्रति अविचलित प्रेम थियो।' अग्रवालले भने-'जीवनको अन्तिम सासहरु लिइरहँदा समेत उहाँको अनुहारमा मलीनता मैले देखिन।' वरिष्ठ कलाकार हरिहर शर्माले चौधरी कर्मयोगी भएकै कारण आइतबार पनि नेपालीहरुको स्मृतिमा जीवित नै रहेका बताएका थिए।

'उहाँका विचार राष्ट्रप्रेमबाट ओतप्रोत थिए।' शर्माले भने-'उद्योग-व्यवसाय नफस्टाएसम्म देशमा रोजगारी सिर्जना हुँदैन भन्ने कुरामा उहाँ प्रष्ट हुनुहुन्थ्यो। उद्योग-व्यवसाय अर्थलाभका लागि मात्र नभएर राष्ट्र र समाज सेवाका लागि पनि समर्पित हुनुपर्छ भन्ने उहाँमा धारणा थियो।'

लूनकरणदास चौधरी सार्वजनिक सेवाभावबाट अभिप्रेरित व्यक्तित्व रहेका उनको भनाई थियो। 'उहाँको साहित्यकला क्षेत्रमा पनि विशेष रुचि र देन थियो।' उनले भने-'जनतादेखि राजासम्मलाई देखेको र भोगेको व्यक्तित्व हुनुहुन्थ्यो।'

स्व. चौधरीका ज्वाई महेशकुमार अग्रवालले आफ्ना ससूरा युगपुरुष रहेका बताए। 'ईश्वरीय कानून र देशको कानूनलाई मानेर अगाडि बढेकै कारण उहाँले चौधरी ग्रुपको आधारशीला तयार गर्नुभयो।' उनले भने, 'उहाँमा सोलिड देशप्रेम थियो। सटिक निर्णय लिनसक्ने विचित्रको क्षमता थियो।'

स्व. चौधरीकी नातिनी मेगा चौधरी तथा नाति निर्वाण चौधरीले समेत आफ्नो हजूरबुबाको विषयमा मन्तव्य दिएका थिए। मेगाले आफ्नो हजूरबुबाले देखाएको सत्मार्गमा आफू बढिरहने प्रण गरेकी थिइन् भने निर्वाणले हजूरबुबा भिजिनरी व्यक्तित्व, धरातल नबिर्सिने, इथिकल व्यवसायिक सेन्स भएको, समाज र देशप्रति चिन्तित व्यक्तित्व रहेका बताएका थिए। स्व.लुनकरणदासका कान्छा छोरा उद्योगपति अरुण चौधरीले आफ्ना पिता वास्तविक सेल्फमेड म्यान रहेका बताएका थिए। 'आजको आधुनिक चौधरी ग्रुपको फाउण्डर हुनुहुन्थ्यो उहाँ।' उनले पितालाई सम्झिँदै भने, 'उहाँमा रहेका गुणहरुको १० प्रतिशत मात्रै गुण भएमा पनि मानिसको जीवन पूर्ण हुन्थ्यो होला।'

# १७ जिल्लामा मतपत्र पुग्न बाँकी

काठमाडौं/मस- स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि मतपत्र ढुवानी गर्न अब १७ जिल्ला मात्र बाँकी रहेको छ। सिन्धुली, रामेछाप र दोलखामा १९ गते बिहान ढुवानी हुनेछ भने अन्य जिल्लामा यसैसातामा पठाइनेछ।

वैशाख १७ गतेसम्ममा ४९ जिल्लाका लागि ९१ लाख ११ हजार मतपत्र ढुवानी गरिएकामा १८ गते लुम्बिनी प्रदेशका सबै जिल्लाका लागि मतपत्र पठाइएको छ। बाँकी रहेका जिल्लामा मधेश प्रदेशका आठ, प्रदेश नं १ को मोरङ, बागमती प्रदेशको रसुवा, चितवन, ललितपुर, काठमाडौं र भक्तपुर छन्।

कर्णाली र सुदूरपश्चिमका सबै जिल्ला, प्रदेश नं १ का मोरङबाहेक सबै जिल्ला र गण्डकीको पोखरा महानगरबाहेक सबै स्थान, बागमती प्रदेशका ५ जिल्लामा मतपत्र पुगिसकेको छ। मनाङ र मुस्ताङ जिल्लामा हेलिकोप्टरबाट मतपत्र ढुवानी गरिएको छ। निर्वाचन आयोगले यही वैशाख १३ गतेबाट मतपत्र ढुवानी शुरु गरेको थियो। यसअघि छ वटा महानगर र भक्तपुर जिल्लाबाहेक ७६ जिल्लाका लागि एक करोड ८० लाख ४५ हजार मतपत्र छपाइ भइसकेकोमा आज भक्तपुर जिल्लाका लागि मतपत्र छपाइ शुरु भएको छ।

महानगर र भक्तपुरका लागि छापिने मतपत्र उम्मेदवारी मनोनयनपत्र दर्ताको अन्तिम नामावलीका आधारमा पूर्ववत् डिजाइनमा निर्वाचन चिन्ह थपघट गरेर छपाइ हुँदैछ।

# असिनापानीले स्याउ खेतीमा क्षति

**खलङ्गा/मस-** जुम्लामा शनिबार राति परेको असिनापानीले स्याउ खेतीमा क्षति पुगेको छ। सिञ्जा गाउँपालिकाको जोडु, रुघा, काँडागाउँ, भाडगाउँ, फुङ्गा र शनिगाउँमा असिनापानीबाट स्याउ खेतीमा क्षति पुगेको स्थानीयवासी विज्ञान बुढाले जानकारी दिए। उनले भने, 'स-साना दाना लागेका थिए, केही बिरुवामा चिचिला पलाउँदै थिए। असिनाले सखाप बनायो।' उनको बगैंचामा स्याउका ९० बोटले फल दिँदै आएका थिए।



यस पटक किसानले स्याउ पर्याप्त मात्रामा फल्ने आशा गरेका थिए। एकैपटकको असिनापानीले किसानको स्याउ सखाप पारेको छ। बगैंचाभरि स्याउका दाना र चिचिला झरेका छन्। स्याउका बोट रित्तिएका छन्। असिनापानीले जिल्लाका अधिकांश क्षेत्रमा स्याउमा क्षति पुगेको स्थानीयवासीले बताएका छन्। मनग्य आम्दानी हुन थालेपछि पछिल्लो समय किसान स्याउखेतीतर्फ आकर्षित भएका छन्।


## खानेपानी, सिंचाइ तथा उर्जा विकास निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७९/०१/१९**

उपरोक्त सम्बन्धमा यस निर्देशनालयबाट मिति २०७८/१२/०१ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बोलपत्र आव्हान भई E–Bidding मार्फत दर्ता भएको बोलपत्रको मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम बोलपत्र स्वीकृतिको लागि छनोट भएको हुँदा सोहि ऐनको दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनोट भएका बोलपत्रदाताहरु | कबोल अंक रू. (भ्याट र पी. एस. सहित) |
|---|---|---|---|---|
| 1 | 03/078-079/NCB/ Works/ WSP/ DWIED-Surkhet | Construction of R.C.C Overhead Tank of 100 M3 Capacity at Chaukune RMC-08, Bishal Bazar, Surkhet. | Asian Boring & Construction Pvt. Ltd., Bharatpur-04, Chitwan | 89,69,452.48 |

निर्देशक

## Karnali Province Sports Development Council

Birendranagar, Surkhet

**Invitation for Sealed Quotation**

**Date of publication: 2079/01/19**

The Karnali Sports Development Province Council (KSDPC) invites *sealed* quotation from eligible bidders / suppliers' for the procurement of Supply and Delivery of Sports Goods as per given below.

1. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Karnali Sports Development Province Council (KSDPC), Brindranagar, Surkhet, Mo. No.+977-9851161808, 9858322348
2. A complete *set* of Bidding Documents may be purchased from the Karnali Sports Development Province Council (KSDPC), Brindranagar, Surkhet by eligible Bidders / suppliers' on the submission of a written application, along with the Notorized copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as given below till 15th day before 12:00 Noon of notice publication during office hours.
   **Information to deposit the cost of bidding document in Bank:**
   Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
   Name of the Bank**: Rastriya Banijya Bank**
   Revenue Account Number**: 1000200010000**
   Name of Office**: Karnali Province Sports Development Council, Birendranagar, Surkhet**
   Rajaswo Shirshak (revenue) Number**: 14229**
   Security Account Number**: 4080502000000**
   Office Code Number**: 3500068056**
3. Sealed bids must be submitted to the Karnali Sports Development Province Council (KSDPC), Brindranagar, Surkhet by hand on or before 12:00 Noon on 15th day of Notice publication. Bids received after this deadline will be rejected.
4. The Sealed bids will be opened in the presence of Bidders'/ suppliers' representatives who choose to attend at 13:00 PM, on 15th day of Notice publication at the office of Karnali Sports Development Province Council (KSDPC), Brindranagar, Surkhet. Sealed Bids must be valid for a period of 45 days from the date of sheled bid opening and must be accompanied by a original bid security, amounting as given below, which shall be valid for 30 days beyond the validity period.
5. If the last date of purchasing and /or submission falls on a government holiday, holiday shal not be consider and office will be remain open to purchase and /or submission/open the bid.
6. Detail of Procurements.

| Contract No. | IFB No. | Name of Contract | Estimated Amount without VAT (Rs.) | Bid Security Amount (Rs.) | Bid Document Fee (Rs.) |
|---|---|---|---|---|---|
| 1 | NCB/PACKAGE/ 078/79-01 | Purchases of sports Tracksut(Package No. 1) | 17,23,800.00 | 45,000.00 | 1,000.00 |
| 2 | NCB/PACKAGE/ 078/79-02 | Purchases of sports Kits Sets(Package No. 2) | 17,07,540.00 | 44,000.00 | 1,000.00 |
| 3 | NCB/SportsGoodst/ 078/79-03 | Purchases of Sports Goods (Package No. 3) | 17,69,000.00 | 50,000.00 | 1,000.00 |

*Member Secretary*


## पछि....

शर्मा पौडेलका अनुसार निर्वाचन अवधिमा हुने मिथ्य सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति दिए आचार संहिता उल्लंघन गरेको ठानी निर्वाचन आयोग ऐन २०७३ को दफा २३ बमोजिम कारबाही हुनेछ।

दफा २३ मा आयोगको निर्देशन विपरीतका काम गर्नेलाई एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति रोक्न फेसबुक, ट्विटर, टिकटक, भाइबर र गुगलका कार्यालयसँग सम्पर्क स्थापना र सहकार्यका लागि प्रयास गरेको पनि आयोगले बताएको छ।

## प्रतिष्ठाको ...

प्रतिस्पर्धी छन्। दुबै एमालेको राजनतिबाट उदाएका नेता हुन्। एमाले विभाजन भएर बनेको एकीकृत समाजवादीमा एमालेकै पूर्व नेताहरू छन्।

एकीकृत समाजवादीबाट दाबेदार आचार्य सबै लामो समय एमालेमै काम गरेका नेता हुन्। एउटै पार्टीमा रहेका काम गरेका नेता फरक फरक पार्टीबाट उम्मेदवार बनेका छन र त्यसमा पनि एमाले र एकीकृत समाजवादीले प्रतिष्ठाको रुपमा लिएका कारण पोखराको चुनावी माहोल अन्यत्र भन्दा अझ तातेको छ। घरदैलो अभियान र चुनाव जित्ने आन्तरिक रणनीतिमा छन् नेताहरु।

एकीकृत समाजवादीका नेताहरु आफ्नो पार्टीमा एमालेकै जिन भएकाले एमालेबाट मत तान्न सकिने विश्वासमा छन भने एमालेहरु आफुहरुको पकड रहेको बताउँछ र विरासत तोड्न तयार छैन्।

## विवादमा ...

निर्णयले विधिको शासनको खिल्ली उडाउने काम गरेको छ। सरकारको यो निर्णयले सिंगो प्रहरी संगठनलाई फेरि एकपटक विवादमा ल्याएको छ' उनले लेखेका छन्। आईजिपीमा सिंहलाई नियुक्त गर्ने सरकारले निर्णय गरेलगत्तै सामाजिक सञ्जालमार्फत आपत्ति जनाएका हुन्। बरीयता र विधि मिचिएको भन्दै उनले सरकारको कडा आलोचना गरेका छन्।

प्रधानमन्त्री शेरबहादुर देउवा १६ महिना जुनियर एआईजी धिरजप्रताप सिंहलाई आईजीपी बनाउने तयारीमा लागेपछि गठबन्धनकै अन्य दलहरूले विरोध गरेर मन्त्रीपरिषद् बैठक बस्नै ढिला भएको थियो।

स्थानीय चुनावको संघारमा जुनियरलाई आईजीपी बनाउँदा त्यसले चुनावी सुरक्षा प्रणालीमै प्रभाव पार्न सक्ने भन्दै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले वरीयता र ज्येष्ठता नमिच्न प्रधानमन्त्री देउवालाई आग्रह समेत गरेका थिए। त्यत्ति मात्रै होइन, नेपाली कांग्रेसका नेता एवं गृहमन्त्री बालकृष्ण खाणले पनि ज्येष्ठता र वरिष्ठता मिच्न नहुने बताएका थिए।

प्रहरी नियमावलीको दफा ४१ ले पनि 'प्रहरी महानिरीक्षकमा बढुवा गर्दा प्रहरी अतिरिक्त महानिरिक्षकमध्येबाट र प्रहरी अतिरिक्त महानिरिक्षकहरू नभएको अवस्थामा प्रहरी नायब महानिरीक्षकहरु मध्ये ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षकमा बढुवा गर्नेछ' भन्ने उल्लेख गरेको छ।

सोही व्यवस्थालाई मध्यनजर गर्दै सरकारले आईजीपी नियुक्त गरेको बताएपनि विवाद भने चुलिएको छ। नेपाल प्रहरीका बहालवाला आईजीपी शैलेश थापाले ३० वर्षे सेवा अवधिका कारण आइतबार राति १२ बजेदेखि अवकाश पाउँनेभएपछि अर्को आईजीपीको लागि प्रतिस्पर्धा भएको थियो। जसमा विश्वराज पोखरेल, धिरजप्रताप सिंह, सहकुल थापा र रविन्द्रबहादुर धानुक रहेका थिए।

पोखरेल २०७७ मंसिर र थापा २०७८ असारमा एआईजीमा बढुवा भएका हुन् भने धानुक र सिंह गत महिना मात्र एआईजी भएका थिए। सरकारले तीन एआईजी दरबन्दी थप्दै त्यसमा धानुक र सिंहलाई बढुवा गरेको थियो। तर, सरकारले वरीयतमा अगाडि रहेका विश्वराज पोखरेल र सहकुलबहादुर थापालाई पन्छ्याउँदै सिंहलाई आईजिपी नियुक्त गरेपछि विवाद चुलिएको हो। त्यत्ति मात्रै होइन, आफूभन्दा १६ महिना जुनियर एआईजीलाई आईजीपी बनाएपछि सिनियर एआईजीहरू अदालत जाने तयारीमा जुटेका छन्।

सिनियर एआईजीहरू विश्वराज पोखरेल र सहकुल थापा सर्वोच्च अदालत जाने तयारीका साथ परामर्शमा जुटेका छन्। अदालत खुल्ने बित्तिकै सरकारको निर्णय कार्यान्वयन नगर्न र आफूहरुलाई आईजीपी नियुक्त गर्न माग गर्दै रिट दर्ता गर्ने तयारीमा रहेको स्रोतले बताएको छ।

## चुनावी...

एक प्रमुख जिल्ला अधिकारी भन्छन्, 'यसपटकको चुनावको सुरक्षा चुनौती राजनीतिक दलहरुका अस्वस्थ प्रतिस्पर्धा र आन्तरिक कलह तथा विवाद नै प्रमुख रहेको सबैको साझा बुझाइ छ।'

उक्त छलफलमा गृहमन्त्री खाँण, गृहसचिव टेकनारायण पाण्डे, प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री, सशस्त्र प्रहरी महानिरीक्षक पुष्पराम केसी, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख यदुलाल खरेल र नेपाली सेनाका रथी बालकृष्ण कार्कीको सहभागिता रहेको थियो। साथसाथै, प्रदेशस्थित प्रहरी र सशस्त्रका प्रमुख, ७७ वटै प्रमुख जिल्ला अधिकारी र जिल्लास्थित चारवटै सुरक्षा निकायका प्रमुखहरु भर्चुअल माध्यमबाट जोडिएका थिए।

गृह मन्त्रालयका अनुसार छलफलमा धारणा राख्ने सबैले अन्तरपार्टी प्रतिस्पर्धा, एउटै दलभित्र आन्तरिक कलह नै चुनावी सुरक्षाको मुख्य चुनौती भएको बृफिङ गरेका छन्।

चुनावी प्रचार नै रोक्ने, मतदानमा जान बाटोमै छेक्ने प्रवृति देखा पर्न सक्ने र त्यस्ता कार्य गर्दा सांघातिक हमला र अप्रिय घटना हुनसक्ने जोखिम औंल्याइएको छ।

निर्वाचन आयोगका अनुसार १० हजार ७ सय ५६ मतदान स्थल छन्। त्यसम्धये २ हजार ९ सय ४५ अति संवेदनशील, ४ हजार ४ सय २० संवेदनशील र ३ हजार ३ सय ९१ कम संवेदनशील मतदान सूचीमा रहेको गृहमन्त्रालयको तथ्याङ्क छ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०१/१९**

**भर्सटायल कार्गो एण्ड कुरियर प्रा.लि.** को मिति २०७८/१२/२९ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्रिन वे लजिष्टिक्स (प्रा. लि. नं.: १९५०११)**, कायम गर्ने गरी मिति २०७९/०१/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०१/१९**

**विसन सप्लायर्स प्रा.लि.**को मिति २०७८/१२/११ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अल्टरनेटिभ ईलेक्ट्रिक प्रा.लि. (प्रा. लि. नं.: ११५७४३)**, कायम गर्ने गरी मिति २०७८/१२/२३ गते श्री कम्पनी रजिष्ट्रार को कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

स्थानीय तह निर्वाचन

# भ्रामक सामग्री पोष्ट गरे कारबाही



**काठमाडौं/मस-** स्थानीय तह निर्वाचन नजिकिएसँगै राजनीतिक दल र उम्मेदवारलाई लक्ष्य गरी सामाजिक सञ्जालमा गलत, भ्रामक, चरित्र हत्या हुने प्रकारका सामग्री प्रवाह हुन थालेपछि निर्वाचन आयोगले त्यस्ता कार्य नगर्न आग्रह गरेको छ। सामाजिक सञ्जालमा प्रयोग हुने मिथ्या सूचना (मिसइन्फरमेशन), दुष्प्रचार (डिइन्फरमेशन) र द्वेषपूर्ण अभिव्यक्ति (हेट स्पिच) को व्याख्या गर्दै आयोगले त्यस्ता सामग्री सामाजिक सञ्जालमा पोष्ट भइरहेकामा चिन्ता जाहेर गरेको हो । आयोगले यस्ता गलत, भ्रामक, चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानि हुने वा यस्तै प्रकृतिका निर्वाचनलाई प्रत्यक्षरूपमा प्रभाव पार्ने 'कू' सामग्री सामाजिक सञ्जालमा पोष्ट नगर्न/नगराउन आग्रह गरेको छ ।

आयोगले सामाजिक सञ्जाललाई नियन्त्रण व्यवस्थित गरी यसको सही प्रयोग भए/नभएको अनुगमनका लागि सुरक्षा निकायमा कार्यरत साइबर विज्ञसहितको कार्यदलसमेत गठन गरेको छ। निर्वाचनको स्वच्छता, स्वतन्त्रता र गरिमामा समेत आँच पुग्न सक्ने भएकोले त्यस्ता प्रकृतिका कार्य कुनै पनि हालतमा नगर्न/नगराउन सबैमा आयोगले कडा चेतावनी दिएपछि दुरुपयोगको खतरा कम हुने अपेक्षा गरिएको छ ।

निर्वाचन आचारसंहिता, २०७८ को परिच्छेद-२ अन्तर्गत सबैले पालना गर्नुपर्ने आचरणमा सामाजिक सञ्जालको प्रयोग र दफा २२ को (ज)मा भएको प्रावधान विपरीत गरिएका यस्ता गलत कार्य तत्काल बन्द गर्न सम्बन्धित सबैमा ध्यानाकर्षण गराउँदै आचारसंहिता विपरीत सामाजिक सञ्जालको प्रयोग गरेको पाइएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३, निर्वाचन (कसुर तथा सजाय ऐन, २०७३ तथा प्रचलित कानूनबमोजिम कारबाही गरिने आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले बताए ।

आयोगले जारी गरेको निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीति, २०७७ तथा निर्वाचन आचारसंहिता, २०७८ बमोजिम सामाजिक सञ्जालको नियमनलाई प्रभावकारी बनाउने सन्दर्भमा फेसबुक, ट्विटर, टिकटक, भाइबर र गुगलका कार्यालयसँग सम्पर्क स्थापना र सहकार्यका लागि सामाजिक सञ्जालका तत्तत् कम्पनीका कार्यालयहरू सम्पर्क गर्ने प्रयास गरिएको छ। भारतको नयाँ दिल्ली, संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसी र जनवादी गणतन्त्र चीनको बेइजिङलाई अनुरोध गर्ने र उक्त मुलुकस्थित नेपाली दूतावासहरूले आवश्यक सम्पर्क र सहकार्य स्थापना गर्न नेपाल सरकार परराष्ट्र मन्त्रालयमार्फत निर्देशन दिइएको छ ।

निर्वाचन आचारसंहिता, २०७८ मा मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिलाई निषेध गरिएका प्रावधानहरूका बारेमा सामाजिक सञ्जालका कार्यालयलाई ती देशमा रहेका नेपाली राजदूतावासमार्फत जानकारी गराइएको छ ।

आयोगबाट स्वीकृत निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जाल उपयोगसम्बन्धी नीति, २०७७ को निर्वाचनसम्बन्धी सूचना भरपर्दो, मितव्ययी, गुणस्तरीय र पहुँचयोग्य बनाई सामाजिक सञ्जालको उपयोग र नियमनलाई प्रभावकारी बनाउने उद्देश्यले आयोगले गरेका निर्णय पनि सार्वजनिक भएको छ। निर्वाचन व्यवस्थापन प्रयोजनका लागि निर्वाचन अवधिमा हुने निर्वाचनसम्बन्धी कुनै कार्य गर्दा गराउँदा कसैलाई हानि नोक्सानी पुऱ्याउने नियत राखी वा नराखी वा उक्त सूचना झुटो हो भन्ने बुझी वा नबुझी सम्प्रेषित गरिएको भ्रामक सूचना वा जानकारीलाई मिथ्या सूचना (मिसइन्फरमेशन) भनिने व्याख्या गरिएको छ ।

यस्तै निर्वाचनसम्बन्धी रिपोर्टिङमा भएका सामान्य गल्तीहरुबाहेक आफूलाई लाभ र अरू कसैलाई हानि-नोक्सानी पुऱ्याउने र आममानिसलाई छकाउने बदनियतका साथ जानीजानी गलत वा भ्रामक सूचना सम्प्रेषण गर्ने कार्यलाई दुष्प्रचार (डिइन्फरमेशन) मानिने र प्रत्यक्ष वा परोक्षरूपमा जाति, राष्ट्रिय वा जातीय उत्पत्ति, धर्म, लैङ्गिकता, उमेर, अपाङ्गता वा अन्य अपरिवर्तनीय (इम्युटेबल) समूहलाई इङ्गित गर्दै असहिष्णुता वा घृणा फैलाउने वा हिंसालाई बढावा दिने किसिमका वचन, लिखत वा व्यवहारलाई द्वेषपूर्ण अभिव्यक्ति (हेट स्पिच) मानिने आयोगको निर्णयमा उल्लेख छ ।

आयोगले राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिताको परिधिभित्र रही आफ्नो प्रचारप्रसार गर्न सामाजिक सञ्जाल खाताको प्रयोग गर्ने भएमा सो विवरण उम्मेदवारको अन्तिम सूची प्रकाशन भएको २४ घन्टाभित्र राजनीतिक दलको हकमा निर्वाचन आयोग र उम्मेदवारको हकमा सम्बन्धित निर्वाचन अधिकृत कार्यालयमा आफ्नो सामाजिक सञ्जालका खाताको विवरण अनिवार्य रूपमा बुझाउन निर्देशन दिएको छ ।

यस्तै आम सञ्चारमाध्यमलाई मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिमा संलग्न नहुन प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघबाट आवश्यक कदम चाल्न र यस्ता कार्यको प्रभावकारीरूपमा अनुगमन गर्ने/गराउने व्यवस्था गर्न प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघलाई निर्देशन दिएको छ ।

आयोगले निर्वाचनलाई प्रभावित पार्ने गरी सीमावर्ती क्षेत्रमा रहेका छिमेकी देशका प्रसारण माध्यमबाट निर्वाचनलाई नकारात्मक प्रभाव पार्ने कुनै सामग्रीहरूको प्रसारण गर्न वा कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा कुनै समाचार, टिप्पणी, विचार वा यस्तै प्रकृतिको सामग्री प्रसारण गर्न वा राजनीतिक विज्ञापन हुन नदिन छिमेकी देशको सरकारलाई अनुरोध गरी पठाउन नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई निर्देशन दिइसकेको छ ।

आयोगले मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति दिने सामग्रीहरूको प्रचारप्रसार रोक्नका लागि इन्टरनेट सेवा प्रदायक, भ्यालु एडेड सर्भिस दिने सेवा प्रदायक र केवल टेलिभिजन नेटवर्कलाई निर्देशन दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूर सञ्चार प्राधिकरणलाई पत्राचार गरेको छ ।

मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिसम्बन्धी निर्वाचन आचारसंहिताको उल्लंघन गरिएको पाइएमा वा सोसम्बन्धी कुनै जानकारी प्राप्त भएमा मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिका वा आयोगको टोल फ्री नम्बर ११०२ मा उजुरी दिन आग्रह गर्दै आयोगले स्थानीय तह सदस्य निर्वाचन, २०७९ स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय वातावरणमा सम्पन्न गर्न निर्वाचन व्यवस्थापन सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७, निर्वाचन आचारसंहिता, २०७८ र आयोगले गरेका निर्णयअनुसार आ-आफ्नो क्षेत्रबाट कार्यान्वयन तथा परिपालनाका निम्ति आयोग राजनीतिक दल, उम्मेदवार, सामाजिक सञ्जाल प्रयोगकर्ता, आमसञ्चारमाध्यम, नागरिक समाज तथा सम्बन्धित सरोकारवाला सबैमा आयोगले निर्देश पनि गरेको छ ।

# बाँकेका राजनीतिक दलहरू घरदैलो अभियानमा व्यस्त



**गणेश रावत/मध्यान्ह**
कोहलपुर, १८ वैशाख

निर्वाचन नजिकिएसँगै बाँकेका राजनीतिक दलहरु घरदैलो अभियानमा व्यस्त भएका छन्। निर्वाचन आउन १३ दिन मात्र बाँकी रहँदा यतिबेला देश स्थानीय तहको निर्वाचनमा हुमिएको छ । निर्वाचन नजिकिँदै गर्दा बाँकेका राजनीतिक दलहरु गाउँ पस्न थालेका छन् । गाउँ, टोल, सहर, बजार गल्लीगल्लीमा निर्वाचनको चर्चा निकै बढेको छ। ठूलो दलको रुपमा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एमाले लगायतका नेता कार्यकर्ता घरघरमा जान थालेका छन्। कार्यकर्ताहरु आफ्नो पार्टीलाई विजेता हासिल गर्नका लागि परेको देखिन्छ। विशेष गरेर अहिले घरदैलो अभियानमा व्यस्त छन् ।

आफ्नो घोषण पत्र घर-घरमा सुनाउँदै र गुनासा सुन्ने गरेको नेकपा माओवादी केन्द्र बैजनाथ गाउँपालिका वडा नम्बर ७ का अध्यक्ष पदका उम्मेद्वार दिनेश कुमार थारुले बताए । आइतबार पार्टी कार्यालय देखि घरदैलो अभियान शुरु गरेको अध्यक्ष पदका उम्मेद्वार थारुले बताए । त्यस्तै बाँकेमा रहेका अरु दलहरुले पनि जेष्ठ नागरिकबाट आर्शिवाद लिँदै घरदैलो अभियान तिव्र पारेका छन्। आफ्नो घोषण पत्र सुनाउँदै आ-आफ्नो माहोल बनाउन व्यस्त छन्। २०७४ सालको निर्वाचन भन्दा २०७९ को धेरै फरक देखिन्छ। यो पटक देश भर युवाहरुको आकर्षक बढेको छ। सबै राजनीतिक दलमा प्रायः युवा नेताहरु सक्रिय रहेका छन्। अहिले हाम्रो नभएर राम्रोलाई भोट दिने स्थानीय बताउँछन् ।

# क्यानद्वारा रक्तदान कार्यक्रम आयोजना, २६ जनाले गरे रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १८ वैशाख




कम्प्युटर एशोसिएसन अफ नेपाल महासंघ (क्यान) बाँकेले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। हरेक वर्षको २ मेमा मनाइने राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको अवसरमा 'गुणस्तरीय एवं सुरक्षित सूचना प्रविधिको विस्तार, समुन्नत राष्ट्र निर्माणको आधार' मूलनाराका साथ आइतबार रक्तदान कार्यक्रम सम्मपन्न गरिएको हो ।

कार्यक्रममा २६ जनाले रक्तदान गरेका क्यान महासंघ बाँकेका उपाध्यक्ष शिशिर नारायण श्रेष्ठले जानकारी दिए । उनका अनुसार शरद प्रसाद रिजाल, पूर्ण बाबु नकर्मी, शिशिर राय, सागर देवकोटा, निमराज पङ्गेनी, प्रकाश धामी, जनक बोहरा, समीर बिसी, अमर बहादुर महतरा, रेमन्त बहादुर खत्री, मोहन चौधरी, अमृत सिंह सरदार, हिरालाल चौधरी, रामबहादुर थारु, काशीराम गौतम, विवेक गुरुङ, रत्नकाजी शाक्य, एन्थस केसी, किस्मत चौधरी, राजेश महत, उर्मिला विश्वकर्मा, नवीन चौधरी, नेत्र बहादुर भट्ट, सञ्जु चौधरी, गौतम आचार्य, पुष्प कँडेल लगायतले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगञ्जका होमराज गिरी, सुनिल पुलामी मगर, बीरेन्द्र योगी, केशर सिंह डाँगी, रिता आले, करुणा ओलीले प्राविधिक सहयोग गरेका थिए । यस्तै दिवसको अवसरमा सोमबार बिहान प्रभातफेरीको आयोजना गरिने भएको छ। प्रभातफेरी बीपीचोकदेखि सेतु विक चोकसम्मपुगेर समापन गरिने क्यानका सचिव दिपक खडकाले जानकारी दिए। मे २ का दिन विषेश रुपमा मनाइने दिवस यस वर्ष भने सप्ताह व्यापी रुपमा मनाइने आयोजकले जनाएको छ ।

# कांग्रेसको जनसम्पर्क उपसमितिमा सदस्य थप



**काठमाडौं/मस-** नेपाली कांग्रेसले विदेशस्थित नेपाली जनसम्पर्क समिति समन्वय एवं परिचालन उपसमितिमा सदस्य थप गरेको छ ।

कांग्रेसले यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई लक्षित गरेर पार्टीका केन्द्रीय सदस्य उदयशम्शेर राणाको संयोजकत्वमा गठन गरिएको विदेशस्थित नेपाली जनसम्पर्क समिति समन्वय एवं परिचालन उपसमितिमा आज १७ सदस्य थप गरेको हो ।

कांग्रेसले तेजेन्द्र कार्की (जर्मनी), रामप्रसाद चालिसे (स्विडेन), पुष्पा मिश्र (साइप्रस), मन्जीत जाम्लिङ राई (कुवेत), शेरबहादुर राउत (बहराइन), दीपक रेग्मी (साउदी अरब), तिलक चन्द ठकुरी (मलेसिया), नवीनकुमार पङ्गेनी (ओमान), शिवराम भण्डारी (फ्रान्स) र शुक्रराज न्यौपाने (आयरल्यान्ड)लाई उप-समितिमा राखेको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । यस्तै, राजेन्द्र खनाल (इजरायल), डा एलिनी पोखरेल (पोल्यान्ड), जगतबहादुर शाह (हङकङ), सन्दीप राना (भारत), कृष्ण केसी (अमेरिका), सन्देश केसी (माल्टा) र जीवन कुँवर (अष्ट्रिया)लाई सदस्यमा मनोनयन गरिएको छ ।

संयोजक राणाले उपसमितिको सदस्यसचिवमा जनसम्पर्क समिति डेनमार्कका पूर्वसभापति एवम् पार्टीका महासमिति सदस्य वीरेन्द्रसिंह कार्की नियुक्त गरेका छन् । यसअघि पार्टी उपसभापति एवम् स्थानीय तह निर्वाचन केन्द्रीय परिचालन समितिका संयोजक पूणर्बहादुर खड्काले आसन्न स्थानीय तहको निर्वाचनका लागि केन्द्रीय सदस्य राणाको संयोजकत्वमा विदेशस्थित नेपाली जनसम्पर्क समिति समन्वय एवं परिचालन उपसमिति गठन गरेका थिए ।

# 'वडाका समस्याहरु यथावत् रहेकाले उम्मेद्वारी'



**राजेन्द्र महतो/ मध्यान्ह**
सिरहा १८ वैशाख

जनता समाजवादी पार्टी नेपालबाट सिरहाको कल्याणपुर नगरपालिका वडा नं. ६ को वडा अध्यक्षमा कुशेशवर साहले उम्मेद्वारी दिएका छन् ।

लामो समय देखि नेपाली राजनीतिमा सक्रिय साहले वडाका समस्याहरु यथावत् रहेकोले त्यसको समाधानका लागि आफूले वडा अध्यक्षमा उम्मेद्वारी दिएको बताए ।

मध्यान्हसँगको कुराकानीमा उनले दोस्रो स्थानीय तह निर्वाचनका लागि वडालाई समृद्ध र सबल निर्माणको संकल्पसहित प्रतिवद्धता व्यक्त गरे। उनले वडामा शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा फोहोरमैला व्यवस्थापन र स्थानीय पूर्वाधारलाई प्राथमिकतामा राखेको बताए ।

समाजमा व्याप्त कुरीति र अन्धविश्वासको अन्त्य गर्न शिक्षा, चेतना र सशक्तीकरण अभियान चलाइने र वडामा व्याप्त गरिबी, अभाव र अल्पविकासको समस्यालाई सम्बोधन गर्न विशेष पहल गर्ने उनले प्रतिबद्धता जनाए ।

विगतदेखि नै वडामा विभिन्न किसिमका सामाजिक कार्यहरु गरेको बताउँदै अबको स्थानीय तहको चुनावमा निर्वाचित भएपछि वडामा भएका विभिन्न समस्या समाधान गर्न पछि नहट्ने पनि उनले बताए ।

# सगरमाथा आरोहण गर्न ३ सय १६ लाई अनुमति



काठमाडौं/मस- यस वर्षको वसन्त यामको सगरमाथा (८,८४८.८६ मिटर) हिमाल आरोहणका लागि ३९ आरोही समूहका ३१६ जनाले आरोहण अनुमति लिएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका अनुसार सगरमाथासहित २५ हिमाल तथा चुली आरोहणका लागि १११ आरोही समूहका १९५ महिला र ७०४ पुरुषसहित कूल ८९९ आरोहीले अनुमति पाएका छन् ।

विभागको पर्वतारोहण शाखाबाट जारी भएको मार्च अन्तिमसम्मको एक्सिपीडिसन पर्मिटमा सबैभन्दा धेरै सगरमाथा आरोहण गर्न ३८ आरोही समूहका ३०२ आरोहीले अनुमति लिएका छन् । अमादब्लम (६,८१४ मिटर) आरोहणका लागि नौ समूहका ९७ जनाले अनुमति पाएका छन् । कञ्चनजंघा (८,५८६ मिटर) आरोहणका लागि सात समूहले अनुमति लिएको छ ।

अन्नपूर्ण (८,०९१ मिटर) चार र नुप्से आरोहणका लागि सात समूहले अनुमति पाएको छ । मकालु (८,४६३ मिटर) मा चार, धौलागिरि (८,१६७ मिटर) का लागि दुई र ल्होत्से (८,५१६ मिटर) का लागि एक आरोही समूहले अनुमति लिएका छन् ।

त्यसैगरी नुप्से आरोहणका लागि सात, हिमलुङ्ग चुली र थापा पिकका लागि चार/चार समूहले आरोहण अनुमति लिएर गन्तव्यतर्फ प्रस्थान गरेका छन् । ती हिमाल तथा पिक आरोहणबाट हालसम्म रु ४६ करोड ७५ लाख रोयल्टी जम्मा भएको विभागले जनाएको छ ।

**मलेसियामा रोजगारको अवसर** | कम्पनी : DYNACAST (MELAKA) SDN.BHD. शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७६/११/२७ चलानी नं.: ६०१५३२४३ LT. No.: 234542 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 18 | 0 | स. काममा दक्ष | 1200 | ३३,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख २६ गते (9 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Grand Fortune Employment Services Pvt. Ltd.
Lic. No.: 1024/068/069
Sinamangal, Kathmandu, Nepal, Ph. : 4461577, 4461568

HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाई पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस् ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## सम्पादकीय

# हतारको निर्णय

सरकारले आगामी जेठदेखि हप्ताको दुई दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ । निर्णय अनुसार, शनिबार र आइतबार सार्वजनिक विदा हुनेछ । यो प्रस्ताव नयाँ भने होइन । पूर्ववर्ती सरकारले हप्तामा दुई दिन सार्वजनिक विदाको प्रस्ताव ल्याएको थियो । तर कार्यान्वयनमा लगिएको थिएन । त्यसबेला पर्यटन मन्त्रालयले आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्न दुई दिन सार्वजनिक विदाको अवधारणा ल्याएको थियो । नेपाल भ्रमण वर्ष–२०२० लाई सहयोग पुग्ने भएकाले पनि पर्यटन मन्त्रालयको यस्तो प्रस्ताव आएको थियो । आन्तरिक पर्यटक बढ्ने मात्रै नभएर सार्वजनिक निकायका कर्मचारीमा उत्साह आउने पनि तर्क गरिएको थियो । सार्वजनिक निकायका कर्मचारीको कार्य सम्पादनमा प्रभावकारिता आउने तर्क गर्नेहरूले पनि हप्तामा दुई दिन सार्वजनिक विदाको प्रस्ताव गरिएको थियो ।

तर दुई दिन सार्वजनिक विदाका बेफाइदा समेत भएकाले कार्यान्वयनमा जान सकेको थिएन । बेला–बेला चर्चा भने हुने गरेको थियो । तर सम्भावित आर्थिक संकटबाट बच्ने विकल्पसहित सरकारले शनिबार र आइतबार सार्वजनिक विदा दिने निर्णय गरेको छ । सरकारको यो निर्णयले सिंगो मुलुककै जीवन पद्दति प्रभावित हुनेछ । किनकि सार्वजनिक क्षेत्र खुल्ने र बन्द हुने निर्णयले बाँकी सम्पूर्ण क्षेत्र प्रभावित हुनेछ । अस्पताल, विद्यालय, सार्वजनिक संस्थानहरूमा बढेको सार्वजनिक विदाले आमसाधरण नागरिकको जीवन प्रणाली प्रभावित हुनेछ । यसको असर ग्रामिण क्षेत्र भन्दा बढी शहरी क्षेत्रमा पर्नेछ । किनकि सेवा क्षेत्रको बढी गतिविधि शहरमै पर्नेछ ।

सरकारले भने सोमबारदेखि शुक्रबारसम्म कार्य घण्टा बढाएर दुई दिन सार्वजनिक विदाको नोक्सानी पूर्ति हुने तर्क गरेको छ । तर कार्यघण्टा बढाउनु वैज्ञानिक दृष्टिकोणले समेत उपयुक्त हुँदैन । विभिन्न अनुसन्धानहरूले दैनिक कार्यघण्टा बढ्दा गुणस्तर कम भएर जाने निष्कर्ष निकालेको छ । अझ सेवा प्रवाहमा भइरहेको ढिलासुस्तीलाई सरकारको निर्णयले मलजल गर्न बल पुग्नेछ । अर्थात् सरकारको निर्णयले आर्थिक गतिविधिमै ह्रास आउने सम्भावना बढी छ । विद्यालय, स्वास्थ्य क्षेत्र र रोजगार क्षेत्रमा यसको प्रत्यक्ष प्रभाव पर्नेछ । सर्वसाधरण नागरिकमाथि थप बोझ बढ्नेछ । तसर्थ यसबारे सरकारले आवश्यक छलफल र अनुसन्धान गर्न जरूरी छ । यदि अहिलेकै निर्णय कार्यान्वयन गर्ने हो भनेपनि आमसाधरणलाई बुझाउन सक्नुपर्छ । हचुवाको भरमा गरिने यस्ता निर्णयबाट क्षति कम पार्न पनि सरकारले यो मार्ग रोज्न जरूरी छ ।

# संसदीय व्यवस्थाको दलदलमा कम्युनिष्ट

*विश्व कम्युनिस्ट आन्दोलनमा चुनावमा भाग लिएर पनि क्रान्ति गरेको र सफल भएको पार्टी लेनिनको नेतृत्वको बोल्सेभिक पार्टी मात्र हो । अन्यथा चुनावमा भाग लिएर पनि क्रान्ति गरेको र सफल भएको पार्टी अरू पाइँदैन ।*

अग्रलेख



● हुकुमबहादुर सिंह

